हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०७९ साल श्रावण २२ गते आइतबारका दिन हरिपुर नगर कार्यपालिकाको आठौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा (सुनिता चौधरी) | सदस्य (वडाअध्यक्ष वडा नं.८) (का.बा वडाअध्यक्ष) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिती २०७९।०४।२२

**मिति २०७९/०४/२२ गते बसेको कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव तथा निर्णयहरु

१. यस हरिपुर नगरपालिका र प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम परिषद (CTEVT) को साझेदारीमा प्राविधिक शिक्षालय सञ्चालन तथा नामाकरण सम्वन्धमा ।

२. हरिपुर बुहप्राविधिक शिक्षालय कार्यविधि पारित गर्ने सम्वन्धमा ।

३. हरिपुर बहुप्राविधिक शिक्षालयमा प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम परिषद (CTEVT) बाट अनुमति माग गर्ने सम्वन्धमा ।

४. हरिपुर बहुप्राविधिक शिक्षालय सञ्चालनको लागि नगर सभाबाट वार्षिक बजेट विनियोजन गर्ने सम्वन्धमा

५. प्रतिवद्धता सम्वन्धमा

६. विविध सम्वन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस हरिपुर नगरपालिका र प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषदसँगको साझेदारीमा संचालन हुने हरिपुर वहुप्राविधिक शिक्षालयको नाम हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युट राख्ने निर्णय गरियो तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को (३-ज) ले प्राविधिक विद्यालय संचालन गर्न सकिनेछ भन्ने नेपाल सरकारको घोषणा अनुसार प्रत्येक स्थानीय तहमा एक प्राविधिक विद्यालयको अवधारणा तथा प्राविधिक शिक्षा आजको आवश्यकता अनुरुप यस हरिपुर नगरपालिकाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) को संयुक्त साझेदारीमा हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युट खोल्नको लागि तत्काल हरिपुर नगरपालिका-४ को श्री जनता मा.वि. हरैयाको भवनमा उक्त विद्यालयको नियमित कक्षा संचालनमा असर नपर्ने गरी शघ्रि संचालनमा ल्याउने सर्व सहमतिले निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युटको कार्यविधि स्वीकृत पारित गर्ने सर्वसहमति निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नगरपालिकामा सञ्चालन हुने हाल तपसिल बमोजिमको ३ वटा कार्यक्रम संचालन गर्न प्राविधिक शिक्षा तथा ब्यवसायिक तालितम परिषद (CTEVT) सँग स्वीकृति माग गर्ने र थप कार्यक्रम माग गर्न र सञ्चालन गराउन सञ्चालक समितिमा सम्पुर्ण अधिकार हुनेछ भन्ने सर्वसहमति निर्णय गरियो ।

तपसिल

क. डिप्लोमा इन फार्मेसी ख. डिप्लोमा इन एनेस्थेसिया ग. डिप्लोमा इन सर्भे ईन्जिनियर

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिती २०७९।०४।२२

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युट सञ्चालनको लागि यस आजको नगर कार्यपालिकाको निर्णय अनुसार रु. ३०,००,०००।०० अक्षेरुपी रु. तिस लाख मात्र बजेट नगर सभाबाट वार्षिक यस शिक्षालय सञ्चालनको लागि तलव भत्ता वापत विनियोजन गराउने सर्वसहमतिले निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युट सञ्चालन गर्नको लागि आवश्यक आर्थिक तथा भौतिक पुर्वाधार लगायत अन्य आवश्यकता अनुसारको सम्पुर्ण कुरा प्रचलित नियमानुसार सहयोग गर्ने तथा यस हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युटबाट उत्पादित जनशक्तिलाई आवश्यकता अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही कार्यमा खटाउने प्रतिवद्धता ब्यक्त गर्न सर्वसहमतिले निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस हरिपुर पर्फेक्ट पोलिटेक्निक इन्स्टिच्युट सञ्चालनको लागि अन्य आवश्यक निर्णयहरु अर्को वैठकमा निर्णय गर्ने र यस पछि कुनै प्रस्ताव नदेखिएकोले वैठक सम्पन्न भएको घोषणा गर्न सर्वसहमति निर्णय गरियो ।

हरिपुर नगरपालिका सर्लाही